# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, कार्तिक ३० गते २०२६ साल [ अतिरिक्ताङ्क ४० (क)

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

**नागार्जुन शाही वन विकास समिति (गठन) आदेश, २०२६**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**– (१) यस आदेशको नाम "नागार्जुन शाही वन विकास समिति (गठन) आदेश, २०२६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत नागार्जुन शाही वन विकास योजना सम्झनुपर्छ ।

३. **समितिको गठनः**– (१) नागार्जुन शाही वन विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष र सदस्यहरू रहनेछन्:–

| | | |
|---|---|---|
| (क) | राजकुमार श्री रविन्द्र शाह | अध्यक्ष |
| (ख) | रथी श्री रङ्गविक्रम शाह– | सदस्य |
| (ग) | सह अञ्चलाधीश, वाग्मती अञ्चलाधीश कार्यालय– | सदस्य |
| (घ) | डी. एफ. ओ. काठमाडौं डिभिजन– | सदस्य |
| (ङ) | अधिकृत, वाग्मती अञ्चल वृक्षारोपण शाखा– | सदस्य- सचिव |

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य-सचिवको अतिरिक्त एक सदस्यको उपस्थिति भएमा समिति-को गणपूरक संख्या पूरा भएको मानिनेछ । 392

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) नागार्जुन शाही वनको संरक्षण, संवर्धन, उचित व्यवस्था र उपयोगको लागि योजना कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्नेछः–

(क) वन सिमानाको वरिपरि पर्खाल लगाउने,

(ख) वन क्षेत्रभित्र फलोद्यानहरू बनाउने,

(ग) वन क्षेत्रभित्र बाटो, विश्राम गृह र दृश्य स्थलहरू निर्माण गर्ने,

(घ) लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरू र तरीका अनुसार योजनाको लागि आवश्यक कर्मचारी भर्ना गर्ने र,

(ङ) अन्य आवश्यक काम गर्ने ।

५. समितिको कोष र आर्थिक कारोबारः– (१) योजना संचालनको लागि समितिको एउटा कोष हुनेछ जस्मा श्री ५ को सरकारबाट समय समयमा प्राप्त रकमहरू रहनेछ ।

(२) उपदफा (१) बमोजिमको आफ्नो कोषको रकम समितिले नेपाल राष्ट्र बैंकमा राख्नेछ ।

(३) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आगामी आर्थिक वर्षको आफ्नो काम कारोबारको लागि आवश्यक रकम जगेडा राखी बचत हुन आउने रकम श्री ५ को सरकारको सर्वसंचित कोषमा दाखिल गर्नेछ ।

(४) समितिले आफ्नो आय–व्ययको लेखा श्री ५ को सरकारद्वारा स्वीकृत प्रणाली बमोजिम राख्नेछ ।

(५) समितिको कोषको संचालन समितिले तोकेबमोजिम हुनेछ ।

६. लेखापरीक्षणः– (१) श्री ५ को सरकारबाट मुकरर भएको अधिकृत वा लेखापरीक्षकले समितिको हिसाब किताब जांच गर्नेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुन सुकै वखत पनि समितिको हिसाव किताब जांच्न जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजनः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको कार्यव्यवस्थाः– सदस्य सचिवले समितिको दैनिक कार्य संचालन स्तरको सबै काम गर्नेछ र समितिको निर्णय वा आदेश वा अन्य काम कारवाहीहरू प्रमाणित गर्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्क :– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार वन मन्त्रालय मार्फत सम्पर्क राख्नुपर्छ ।

१०. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

११. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।